**<u>आदरणीय नगर सभा सदस्य ज्यू हरु</u>**

यस राजविराज नगरपालिकाको गरिमामय चौंथो नगर सभालाई सम्बोधन गर्दै गर्दा एका तर्फ विश्वमा फैलिएको कोभिड १९ माहामारीले आतंक बनाएको चुनौतीपूर्ण असहज परिस्थिति बीचपनि सम्बोधन गर्नलाग्दा मलाई मर्माहत बनाएको छ भने अर्को तर्फ यहांहरुको माझमा सम्बोधन गर्न पाउदा गौरवको अनुभूति पनि गरेकोछु ।

सर्व प्रथम म स्वाधिनता, लोकतन्त्र र स्वाभीमानका लागि जनआन्दोलन, मधेश आन्दोलन तथा विभिन्न आन्दोलनका क्रममा परिवर्तनका खातिर आफनो अमुल्य जीवन उत्सर्ग गरि सहादत प्राप्त गर्नु हुने सम्पुर्ण ज्ञात, अज्ञात वीर शहिदहरु प्रति उच्च सम्मान प्रकट गदै भावपूर्ण श्रद्धान्जली अपर्ण गर्दछु ।

अहिले हामी विश्व कै मानवजाती कोभिड १९ महामारी संकटबाट गुज्रिरहेका छौ । यस महामारी विरुद्ध लडन हाल विद्यमान स्वास्थ्य सेवा, सुविधा र संरचनाहरु प्रयाप्त रहेका छैन । लाखौले ज्यान गुमाई सकेको छ । लाखौ संक्रमित छन । यस महामारीबाट संक्रमित भई ज्यान गुमाउने नेपालीहरु र मित्रराष्ट्रका नागरिकहरु प्रति हार्दिक श्रदान्जली अर्पण गर्दै यस संक्रमणबाट जुध्दै गरेका सम्पूर्ण व्यक्तीहरु प्रति शिध्र स्वास्थ्यलाभको कामना समेत गर्दछु । यस जोखिमपूर्ण घडीमा अग्रस्थानमा खडा भई सेवारथ राष्ट्रसेवक कर्मचारीहरु, चिकित्सकहरु सुरक्षाकर्मीहरु, स्वास्थ्यकर्मीहरु, सफाईकर्मीहरु, चालकहरु, पत्रकारहरु तथा संघसंस्था र सम्पूर्ण व्यक्तीजनहरु प्रति उच्च सम्मान गर्न चाहान्छु । यससंग जोडिएर विभिन्न चरणहरुमा प्रयत्क्ष परोक्ष जन समुदायसंग विभिन्न क्रियाकलापहरुमा सहयोग पुर्याउनु हुने जनप्रतिनिधी ज्यू हरुलाई समेत उच्च सम्मान प्रकट गर्दछु ।

नगर सभा सदस्यज्यू हरु

हामीहरु जन निर्वाचित भए पछि स्थानीय तहहरु स्थिर र स्थाईत्वका साथ जन चाहाना अनुरुप विकास तथा निर्माणका योजनाहरु योजनाबद्ध रुपमा कार्यहरुका थालनीको सुरुवात भएको महशुस गरेकोछु । विकासले गति लिन थालेको भान हुन लागेको अवस्थामा कोभिड १९ नियंत्रण र रोकथामका लागि नेपाल सरकारबाट बन्दाबन्दी (Lockdown) जारी भयो र बन्दाबन्दीमा असंगठित क्षेत्रमा कार्यरत प्रभावित मजदुर, श्रमिक, गरिव तथा आर्थिक रुपमा विपन्न किसानलाई राहत वितरण र देश बिदेशबाट फर्केर आउने नागरिकहरुका लागि क्वारान्टाइन व्यवस्थापन स्थानीय तहको जिम्मेवारीहरु भएको हुदा हामी जनप्रतिनिधीहरु, कर्मचारीहरु अग्रस्थानमा रही यस नगरपालिकाको सिमित स्रोत साधन परिचालन गरि हाम्रा नगरबासीहरुमा सेवा पुर्याएको कुरा यहा सवैमा स्मृती गराउन चाहान्छु ।

कोभिड १९ को प्रत्यक्ष प्रभाव पुर्व स्विकृत योजना तथा कार्यक्रमहरु कार्यान्वयनमा परेको व्यहोरा समेत अबगत गर्न चाहान्छु जस्को रोकथाम तथा नियंत्रणका लागि योजनाहरु कटौती गरी बजेट त्यस तर्फ खर्चिनु परेकोछ । अर्को तर्फ Lockdown लम्विदै गएकोहुदा समय अवधिभित्र यस बर्षको योजनाहरु सम्पन्न हुन सक्ने अवस्थामा छैनन । यस बावजुद पनि चुनौतीहरुका सामना गर्दै हामीले आगामी दिनमा नगरबासीहरुमा गरेको वाचा र आकांक्षाहरु पुरा गर्नु पर्नेछ । जन अपेक्षा अनुरुप धेरै कार्यहरु गर्नु पर्ने छ । अब आउने दिन अझ कठिन हुन सक्दछ, किनकी हामी हाम्रो कार्यकाल तेश्रो बर्ष पुरा गरि चौथो बर्षमा पदार्पण गरिसकेकाछौ । हामी सवै यस नगरको विकासका लागि मतएकैक्यता र एक ढिक्का भएर कार्यहरु गर्नु पर्ने देख्दछु ।

हो, हामी विभिन्न राजनैतिक दलको प्रतिनिधित्व र विचारधारा बेग्ला बेग्लै छ । हामीले जनता प्रति गरेका आश्वान, वाचाहरु पुरा गर्ने क्रममा स्रोत साधनको सिमितता, कानूनी बाधा अपठ्याराका कारण हामी बीचपनि साना तिना क्षणिक मतान्तर भएका हुन सक्दछ तर ती सवै कुरालाई आपसी तालमेल गरि हामी हाम्रो यस नगरको विकासका पक्षमा सिमित स्रोत साधन र मौजुदा मानव संसाधनको अधिकत्तम प्रयोग गरि एक जुट रही उदाहरणको रुपमा कार्य गरेको हुदा म नेतृत्वको हैसियतले सवै दलित महिला सदस्य ज्यू, महिला सदस्य ज्यू, सदस्य ज्यू, नगरकार्यपालिका सदस्य ज्यू, वडा अध्यक्ष ज्यू लगायत उप प्रमख ज्यू र कर्मचारी साथीहरुमा नगर प्रमुखको हैसियतले हृदयदेखि धन्यवाद व्यक्त गर्न चाहान्छु ।

**नगरपालिकाको मौजुदा अवस्था**

राजविराज नगरपालिका नेपालको पुरानो ऐतिहासिक नगरको रुपमा स्थापना भएको र हाम्रा पूर्वजहरुले समयानुकुल विकास र नगरको गरिमा राख्ने सफल भएको इतिहास साक्षी छ । संघीय लोकतान्त्रीक गणतन्त्रको स्थापना पछिको यस नगर सरकारले सुरुका दिनमा केही अन्यौलता, बाबजुदपनि यस नगरको विकासमा जग खडा गरी केही खुडकिला राख्न सफल भएका छौ । यस नगरपालिकाको पहल, लगानी तथा प्राविधिक सहयोगमा केही कार्यहरु यस सम्मानीत सभा समक्ष पेश गर्न चाहान्छु :

- कोभिड १९ रोकथाम नियंत्रणका लागि साइकृष्णा मेडिकल कलेज,राजदेवी मा.वि, बालमंदिर प्रा.वि. मलेठ मदरसा लगायत विभिन्न व्यक्तिका घरहरुमा समेत करिव २०० बेडको क्वारान्टाइन स्थापना गरि बिदेश तथा स्वदेशबाट फर्केका नगरबासीलाई सेवा पुर्याइएको ।
- हाल कोभिड १९ महामारीका कारण विद्यालय संचालन हुन नसकेकोले बैकल्पीक शिक्षाका लागि virtual class संचालन गर्न सुरुवात गरिएको मा यसलाई अझ व्यवस्थित गर्दै जानु पर्ने ।

- वा.नं. २ र ८ वडा कार्यालय प्रशासनिक भवन निर्माण अन्तिम चरण मा रहेको नगर सभा कक्षलाई आधुनिकीरण गरी सुदृढ गरिएको । वडा कार्यालय भवन, वा.नं. ७ को शहरी स्वास्थ्य भवनमा एक तल्ला निर्माण भएको । वा.नं.५ मा शहरी स्वास्थ्य भवन अन्तिम चरणमा र वा.नं. १ को आधारभूत विद्यालयमा बाल तथा अपांगमैत्री शौचालय निर्माण गरिएको । २ वटा वाह्य स्वास्थ्य खोप केन्द्र निर्माण । वा.नं. ११ र १२ मा सामुदायिक भवन निर्माणाधिन अवस्था रहेको । आधारभूत विद्यालयहरुमा ६ वटा २ कोठे ब्लक निर्माण भएको ।

- सडकहरु चौडाई कार्य निरन्तरता करिव १ किमी पिसीसी । आरसीसी सडक निर्माण भएको । १००० मिटर स्लाव सहित नाला निर्माण भएको ।
- ६ किमी सिचाई विद्युतिकरण र वानं. १४मा कृषि र टोलबस्तीमा समेत बिद्युतीकरण कार्य गरिएको गरिएका
- सडकस्तरोन्नती (माटो, ग्रभेल, पिसीसी, आरसिसी) लगायतका कार्यहरु करिव सम्पन्न भएको,
- रा.वि १ मा सरस्वती मंदिर निर्माण , वा.नं. ७ मा छाना सहित चौतारा निर्माण भएको
- वा.नं. १० कृषि सिचाईका लागि २ वटा बोरिंग कार्य भएको
- लेखनाथ आर्दश पुस्तकाल भवन सहित पसल कबल (गिलेशनहरु) निर्माणाधिन अवस्थामा रहेको ।
- यसै गरि श्री रामराजा प्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठान नरसिंह कलेज अस्पताल हाता भित्र निर्माण भई रहेको व्यहोरा अवगत गराउदछु ।
- वडाहरुका सडकहरु अतिक्रमणहरु हटाई फराकिलो गर्दै स्तरोन्नती भई रहेको अवस्थामा छ ।
- 

हामी उल्लेखित केही कार्यहरु गर्न सफल भएको हुदा गौरवान्वीत महशुस गर्दछौ । यस बावजुद पनि नगरबासीका आर्थिक, सामाजिक अवस्था तुलनात्मक हिसाबले सन्तोषजनक रहेको पाईन्दैन । अझै पनि न्यूनत्तम सेवा सुविधाहरुमा पहुँच पुर्याउन सकेका छैनौ । स्वास्थ्य सेवाहरुमा गुणस्तरीय सेवा प्रदान गर्नु पर्ने भएकोछ । यसै अवस्थामा शक्तिका रुपमा रहेका युवाहरू रोजगारका लागि विदेशिएका covid 19 का कारण रोजगार गुमाई फर्किने आतुर अवस्थामा छ । युवाहरुको रोजगारी कार्यमकमहरु तर्फ ध्यान र स्रोतहरु केन्द्रित गर्नु पर्ने टट्कारो आवश्यकता छ । कृषिलाई समय सापेक्ष आधुनिकीकरण र रोजगारमूलक गर्न स्रोत साधन केन्द्रित गर्नु पर्नेछ । बढदो जनसंख्याको चाप र शहरीकरणले फोहरमैलाको ठुलो समस्या

बन्दै गएकोछ । व्यवस्थापन गर्न सकिएको छैन । सडक बाटोहरु समयानुकुल फराकिलो र स्तरोन्ती गर्नु पर्नेछ । विभिन्न पक्षले पछाडि पारिएका वर्ग र समुदायहरु को जीवनस्तर सुधार गर्दै लानु पर्नेछ । यि सवै तथ्यहरुलाई ह्दयंगम गरी यस आर्थिक बर्षमा हामीले प्राप्त सिमित स्रोत साधनको परिचालन र प्राप्त अवसरहरुको प्रयोग गरि देहाय बमोजिम उद्देश्य र नीति लिईएका छौं ।

**सभा सदस्य ज्यू हरु**

**चालू वर्षको उद्देश्य र नीतिहरु प्रस्तुत गर्ने अनुमति चाहान्छु :**

चालू वर्षको नीति तथा कार्यक्रम निर्माणको क्रममा नेपालको संविधान, २०७२ मा भएका व्यवस्थाहरू, तथा संविधानको अनुसूची–८ र ९ अनुसारका एकल अधिकार र साझा अधिकारका सूचीहरूमा भएका व्यबस्था, चौधौं राष्ट्रिय योजना, दिगो विकासका लक्ष्यहरू, स्थानीय सरकार संचालन ऐन २०७४ अर्थ मन्त्रालयबाट प्राप्त मार्गदर्शन, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट समय-समयमा जारी भएका मार्गदर्शन तथा परिपत्रहरू, स्थानीय तहको बार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४, वडा भेला, नगरकार्यपालिकाबाट गठित विभिन्न विषयगत समितिबाट प्राप्त सुझावहरू, राजश्व परामर्श समितिबाट प्राप्त सुझावहरूका आधारमा सम्भव भएसम्म जनचाहनालाई समेट्ने अभिप्राय लिई यो नीति प्रस्तुत गरिएको हो ।

विभिन्न चुनौतीलाई अवसरमा बदल्न चालू वर्षको नीति तथा कार्यक्रमको निम्न उद्देश्यहरू रहेका छन्:

- स्वास्थ्य क्षेत्रमा सुधार गर्ने ।
- युवा स्वरोजगारी अभिबृद्धि गर्ने ।
- कृषि क्षेत्रमा उत्पादन बृद्धि र बाझो खेत प्रयोगमा ल्याउने ।
- लक्षित वर्गको जीवनस्तरमा अभिबृद्धि गर्ने ।
- न्यूनत्तम पूर्वाधारहरुको निर्माण र विकास गर्ने
- सेवा प्रवाह गुणस्तरीयता र पारदर्शिता कायम गर्ने ।

**यी उद्देश्य पूरा गर्न आगामी आर्थिक वर्षका प्राथमिकताहरू**

- स्वास्थ्य पूर्वाधार निर्माण तथा सेवा सुविधामा गुणस्तरीय सुधार गर्ने ।
- युवा लक्षित उद्यमशिलता, शिपमूलक र आय आर्जन कार्यक्रम संचालन र सहयोग गर्ने ।
- कृषि र कृषकहरु लाई बैज्ञानिक व्यवसायीत तथा उत्पादनमूलक बनाउने र भूमी बैंकका लागि सहकार्य गर्ने ।
- लक्षित वर्गको सशक्तिकरण एवं जीवन स्तर सुदृढ गर्ने ।

- सडक पूर्वाधार निर्माण र स्तरोन्नति ।
- फोहरमैला व्यबस्थापन र वातावरण संरक्षण ।
- संस्थागत क्षमतामा अभिवृद्धि ।
- सार्वजनिक सेवाको प्रभावकारिता अभिबृद्धि गर्ने

**सभासदस्य महोदयहरु**

अब म यिनै चुनौती, उद्देश्य र प्राथमिकताको आधारहरुमा रहेर तयार गरिएको चालू आर्थिक वर्षको नीति प्रस्तुत गर्दछु :

<u>पुर्वाधार र संरचना विकास नीति</u> :

- स्थानीय तह अन्तर्गत रहने कार्यालयहरूको व्यवस्थापनका लागि नगरपालिकाको प्रशासकीय भवन तथा ३ वटा वडा कार्यालयहरूको भवन निर्माण पुरा गरिनेछ । र थप ४ चारवटा वडा कार्यालय प्रशासनीक भवनहरु निर्माणका गरिनेछ ।
- वा.नं. ५ र ७ को निर्माणाधिन स्वास्थ्य केन्द्र भवन निर्माण पुरा गरिनेछ । साथै अन्य वडामा सुविधा सम्पन्न स्वास्थ्य केन्द्र भवनहरु निर्माण गर्दै लगिनेछ । .
- राजविराज नगरपालिकाको सडकहरु मापदण्ड बमोजिम फराकिलो तथा कालोपत्रे गर्दै गरिनेछ ।
- पूर्वाधार योजना पाँच लाख बढीकालाई प्राथमिकता दिइनेछ । सडक निर्माण गर्दा नाला र स्लाव सहितको निर्माण गरिनेछ ।
- राजविराज नगरपालिकालाई आधुनिक शहरको रुपमा विकशित गर्न (SMART CITY) अवधारणालाइ अंगिकार बार्षिक योजनाहरु तर्जुमा गरिनेछ ।
- राजविराज नगरपालिकाको नगरबासीहरुका लागि नगर केन्द्र र वडा केन्द्रहरुमा सहज पहुंचका लागि र शहरी पूर्वाधार विकासका लागि चक्रपथ (रिग रोड) निर्माण परियोजनालाई निरन्तरता दिइनेछ ।
- स्थानीय तहको पूनरसंरचना पश्चात बृहत राजविराजको प्रत्येक वडाका सडक नाला पूर्वाधारको निर्माण विकासकालाई निरन्तरता दिईनेछ ।
- ***नगरस्तरीय सडक यातायात गुरुयोजना*** बमोजिम सडकहरुको वर्गिकरण गरी सोही अनुसार सडक विस्तार तथा स्तरोन्न्ती गर्ने नीतिलाई अवलम्बन गरिनेछ ।
- पार्क सहित बहुउद्देश्य व्यापारिक केन्द्र भवन तथा अतिथी गृह भवन निर्माणकालागि यसै बर्ष बृस्तृत परियोजना प्रतिवेदन (डि.पि.आर.) तयार गरिनेछ ।
- नगरको भू-उपयोग सम्बन्धी अध्ययन गराई सोको आधारमा पूर्वाधार विकासका कार्यक्रमहरु अगाडी वढाउन प्रदेश सरकार तथा संघीय सरकारसंग पहल गरिनेछ ।

- पव्लीक विन्देश्वरी माध्यमिक विद्यालयको खेलमैदान लाई राष्ट्रियस्तर क्रिकेट मैदानको रुपमा विकास गरिनेछ। ठुला पुर्वाधारहरु-रंगशाला निर्माण, वस टर्मिनल, सिटीहल, पार्क व्यवस्थापन तथा एकिकृत जग्गा विकास जस्ता कार्य आरम्भ गर्न प्रदेश सरकार नेपालसरकार एवं दातृ निकायहरु सँग पहल गरिनेछ । सोही अनुरुप कार्यक्रममा समावेश गरिनेछ।
- नगरको सौन्दर्य समेतलाई प्रतिकुल असर गर्ने गरि नगरका सार्वजनिक जग्गा, पोखरी किनाराका क्षेत्र एवं सडक मापदण्ड समेत अतिक्रमण गरि वनाएका अनाधिकृत घर टहरा लगायतका संरचनाहरु हटाउने कार्यलाई निरन्तरता दिईनेछ।
- सडक निर्माण गर्दा वातावरण मैत्री वनाउन सडकको दायाँ वायाँ वृक्षारोवन कार्यलाई प्रोत्साहन गरिने छ । नगरपालिकालाई वातावरण मैत्री शासन कार्यक्रम लागु गर्न बिषयगत कार्यालय र गैर सरकारी संस्थासंग सहकार्य समन्वय गरिनेछ । रोपिएका बृक्षहरुलाई सुधार तथा संरक्षण गर्दै लगिनेछ।
- राजविराज नगर क्षेत्रमा नयाँ निर्माण हुने भवनहरूको हकमा नेपाल सरकारबाट स्वीकृत बस्ती ***विकास, शहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभुत मापदण्ड, २०७२*** अनुसार नक्शा पास गर्ने तथा उक्त मापदण्ड लागु हुनुभन्दा अघि निर्माण सम्पन्न भएका ***(सार्वजनिक जग्गा तथा सडकको क्षेत्राधिकार अतिक्रमण नगरेका)*** भवनहरूको हकमा अभिलेख प्रयोजनका निमित्त नेपाल सरकार तथा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट जारी परिपत्र तथा राजविराज नगरपालिकाको ***भवन निर्माण प्रमाणीकरण कार्यविधी २०७४*** अनुसार हुने गरी तोकिएको दस्तुर लिई घर नक्शा पास गरिने नीतिलाई निरन्तरता दिइने छ।

सामाजिक विकास

- शिक्षा तर्फः
- हालको वैश्वीक महामारीको संकटकालिन अवस्थामा सामुदायिक विद्यालयहरुलाई बैकल्पिक बिधिबाट शिक्षण कार्य संचालनका लागि साथै Digitally Sound Schools and teachers बनाउनका लागि समयसापेक्ष कदम चालिनेछ । बर्तमान समयको शिक्षालाई अकस्मात समस्या ***Education in Emergency*** पर्दाको बखतमा समस्यानुकुलको योजना निर्माण गरिनेछ साथै हाल निर्मित **Contingency Plan** अनुसारको शैक्षिक व्यवसथापन गरिनेछ ।
- ३ बर्ष पुरा गरि चौथो बर्षमा लागेका हाम्रा कलिला बालबालिकाहरुको प्रारम्भिक बालबिकासको शिक्षा बिशुद्ध खेलको माध्यमबाट संचालन गर्न पर्याप्त खेल सामाग्री

र एक बाल विकास केन्द्र २ जना शिक्षकको प्रवबन्धका लागि शिक्षक मिलानको कार्य गरि ब्यवहारिक एवम् जीवनोपयोगी शिक्षाको लागि नजिकको भौगोलिक, ऐतिहासि र धार्मिक लयागतका स्थलहरुको अनिवार्य भ्रमण साथै एक वाडा एक नमुना बाल विकास केन्द्रको विकास गरिनेछ। हालको परिवर्ति संदर्भलाई मध्यनजर गरि Digital Education with Virtual Class and other appropriate Strategies लगायतका रणनीतिक कार्यमा जोड दिईछने ।

- प्रारम्भिक बालबिकासको अनुभव लिएर कक्षा १ मा भर्ना भएका देखि कक्षा १२ सम्म अध्ययनरत छात्रछात्राहरुको सर्वाङगीण विकासका लागि तुलनात्मकरुपमा उत्तम वातावातरण र शैक्षिक उन्नयनको लक्ष्य निर्धारण गरि विद्यालयमा झिकाउने, सिकाउने, टिकाउने र अन्तमा रोजगारीको बजारमा बिकाउने सम्मका कार्य गर्न काजमा खटिनु भएका शिक्षकहरुलाई फिर्ता बोलाइ सबै जना संग कार्यसंपादन करार गरि उच्च शैक्षिक उपलब्धीलाई निज शिक्षकहरुको बृती विकास संग जोडने कार्यको शुभारम्भ गरिनेछ ।
- पोषण र शिक्षा एक अर्काका परिपूरक भएकाले नेपाल सरकारद्वार दिवा खाजको शिर्षकमा प्रवाहित रकमलाई निर्देशिका अनुसार बैज्ञानिक व्यवस्थापन गरि सामुदायिक विद्यालयमा विद्यार्थी झिकाउने टिकाउने स्वस्थ जनशक्ति उत्पादन गर्ने कार्यलाई रणनीतिका रुपमा प्रयोग गर्न नियमित अनुगमन र पृष्टपोषण प्रदान गरिनेछ ।
- प्रत्येक माध्यमिक विदयालयहरुमा डिजिटल शैक्षिक वातावरण सृजना एवम् प्रयोगबाट डिजिटल डेस्टिनेशनको यात्रा शुरुवात गरि माध्यमिक विद्यालयहरुको कम्तिमा चारवटा मूख्य बिषयका शिक्षकहरुलाई डिजिटली क्वालीफाइ बनाई ***अवको शिक्षा मल्टिमिडियाद्वारा*** भने नारालाई व्यवहारमा उतारिनेछ ।
- प्रत्येक विद्यालयमा एक एक वटा इलेक्ट्रोनिक र हार्डकपी यूक्त पुस्तकालयको प्रबन्धका साथै पठन संसकारको विकास गरि शैक्षिक गुणस्तर बढाउने काममा टेवा पुऱ्याउने काम गरिनेछ ।
- नेपाल सरकार, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयले प्रदान गरेको विद्यालय बगैचा व्यवस्थापन गर्ने कार्यमा तदारुकता प्रदान गरि स्वच्छ, सफा, हराभरा

विद्यालयलाई हाम्रो परिचयसंग जोड्ने र यस क्षेत्रमा उत्तम ठहरिने विद्यालयलाई पुरस्कृत गरि प्रोत्साहित गरिनेछ ।

- कक्षा १० मा अध्ययनरत विद्यार्थीहरुको शैक्षिक उन्नयन हेतु प्रत्येक मा०वि०हरुमा थप कोचिङ कक्षा संचालन गरि कक्षा तीन, पाँच र आठमा नगरस्तरीय परीक्षा संचालन गरि कक्षागत ल्याकतको परिक्षणबाट पृष्टपोषण प्राप्त गरि शैक्षिक उन्नयनको लागि पंचबर्षीय शैक्षिक योजना निर्माण गरिनेछ ।
- अनौपचारिक शिक्षाको माध्यमद्वारा नेपाल सरकारद्वारा तोकिएको अनौपचारिक शिक्षाको निर्देशिका अनुसारको कक्षा संचालनबाट पूर्ण नगर साक्षर अभियानलाई तदारुकताका साथ लागु गरिनेछ ।
- सामुदायिक विद्यालयको विद्यमान शैक्षिक र भौतिक साथै विद्यार्थी र शिक्षकको संख्याको आधारमा साथै आवश्यक्तालाई मध्यनजर गरि विद्यालय गाभ्ने
- संस्थागत विद्यालयहरुलाई समेत उपलब्ध निर्देशिका अनुसार नियमन र व्यवस्थापन गरि शैक्षिक चुस्ततालाई बढावा दिने वातावरण कायम गरि कम्तिमा पनि एक एक वटा तहगत विद्यालयलाई नमुना घोषणा गरिने कार्य गरिनेछ ।
- शारिरीक र मानसिक विकास गर्न सवै बालबालिकाहरुलाई समेटने गरि उपयूक्त खेलकुदको प्रबन्ध गरि नगरस्तरीय मेयर कप लगायतका प्रतियोगिताहरुको आयोजना गरिनेछ ।
- बिषयगत समस्या सामाधान तथा बिषयगत अनुसंधानबाट शैक्षिक विकासकालागी त्रैमासीकरुपमा बिषयगत शिक्षकहरुको अन्तकृयात्मक बैठक गरि शैक्षिक उन्ययनमा टेवा पुऱ्याउने काम गरिनेछ ।
- यस पालिका भित्र स्थापित एक प्राविधिक विद्यालयलाई समय सापेक्ष बनाइ गुणस्तरीय शिक्षाको प्रत्याभूती गरि थप प्राविधिक विद्यालयका लागि पहल गरिनेछ ।
- विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, बालक्लव, जुरेस लगायतका समितिका सदस्यहरुको जिम्मेवारी बोध हुने गरि क्षमता अभिबृद्धी तत अनुसारको प्रोत्साहनको प्रबन्ध गरिनेछ।

- कोभिड १९ माहामारीका कारण विद्यालयहरु संचालन नरहेको अबस्थामा विद्यार्थिहरु पठनपाठनलाई निरन्तरता दिन रेडियो, अनलाईन, भर्चुवल कक्षा संचालन गरिने छ ।

**स्वास्थ्य**

- नगरपालिका अन्तरगतका स्वास्थ्य केन्द्रहरुको भौतिक पूर्वाधार सुधार गर्ने र सेवा प्रवाहलाई सुविधा सम्पन्न बनाई सहज र पँहुच योग्य बनाईनेछ । स्वास्थ्य सेवाका क्षेत्रहरुलाइ विस्तार गरिदै लगिनेछ ।
- कोभिड १९ जस्ता महामारीका रुपमा फैलिने सरुवा रोगको रोकथाम नियंत्रणका लागि आवश्यक सुरक्षासम्वन्धी जनचेतना अभिबृद्धिका कार्यहरु गरिनेछ । र सो सम्वन्धी स्वास्थ्य सुरक्षाका सामग्रीहरुको व्यवस्था गरिनेछ ।
- हाल विद्यमान क्वारान्टाइनको व्यवस्थामा सुदृढिकरण गर्ने र तोकिएको मापदण्ड पुरा गरिनेछ ।
- स्वास्थ्य संस्थाहरुबाट तोकिएको निःशुल्क आधारभूत सेवाहरु सुनिश्चित गरि प्रदान गरिनेछ ।
- आर्युवेदिक, होमियोप्याथिक र प्राकृति चिकित्सा प्रणाली प्रर्वधन गरिनेछ । योग अभ्यास, शारीरिक व्यायमशाला केन्द्र स्थापनाका लागि आवश्यक सहयोग गरिनेछ ।
- यस क्षेत्रमा ट्रमा सेन्टर स्थापनाका लागि संघीय सरकारसंग पहल गरिनेछ ।
- प्रसुतीसेवा तथा स्त्रीरोग सेवा विस्तार र यस बर्ष वा नं. १४मा प्रसुती सेवा केन्द्र भवन निर्माण पुरा गरि (Birthing Centre) संचालन गरिनेछ ।
- नगरका मुख्य नाकाहरुमा हेल्थ डेस्कको स्थापना गरिनेछ । र स्वास्थ्य जाँचको सेवा संचालन गरिनेछ ।
- गजेन्द्र नारायण सिंह सगरमाथा अंचल अस्पताल कोभिड १९ संक्रमितहरुका लागि उपचार सेवामा सहयोग पुर्याइनेछ । स्वास्थ्यकर्मीहरुको सुरक्षाका सामग्रीहरु र चेक जाँचका औजार उपकरणहरु उपलब्ध गराईनेछ ।
- मातृ तथा शिशु मुत्युदरलाई न्यूनीकरणका लागि पोषणका साथै स्वास्थ्य सम्बन्धि कार्यक्रमहरुलाई विशेष जोड दिने छ ।
- गुणस्तर सेवा प्रदान गर्न प्रत्येक स्वास्थ्य संस्थामा औषधी, औजार र उपकरणको व्यवस्थाको लागि उचित बजेट व्यवस्था गरिनेछ ।

- बाल मृत्युदर तथा मातृ मुत्युदरमा कमी ल्याउन प्रोटोकल अनुसार चार पटक नियमित गर्भ जांच, स्वास्थ्य संस्थामा जन्म, तीन पटक सुत्केरी जांच र ३५ दिन भित्र जन्मदर्ता गरेका महिलाहरुलाई रु. १५०० प्रति जनाको दरले बजेट व्यवस्थापन गरिनेछ ।
- महिलाहरुलाई पाठेघर खस्ने समस्या र पाठेघर मुखको क्यान्सर जांच गर्न समयमै पत्ता लगाउन १६ वटै वडामा बजेटको व्यवस्था गरिनेछ ।
- यस नगरपालिका क्षेत्र भित्र कार्यरत महिला स्वास्थ्य स्वंम सेविकाहरुको क्षमता विकाशका लागि आवश्यक तालिम सञ्चालन गरिनेछ र महिला स्वास्थ्य स्वंम सेविकाहरुको कामको कदर गर्दै प्रति जना रु.१५०० का दरले मासिक प्रोत्साहन भत्ताको व्यवस्था गरिनेछ ।
- Reporting system लाई चुस्त दुरुस्त बनाउन यस नगरपालिका अन्तर्गत प्रत्येक स्वास्थ्य संस्थामा Online Reporting का लागि Computer को व्यवस्था गरिनेछ ।
- आमा समूहको नियमित बैठकलाई सुदृढिकरण गर्न खाजा खर्चको व्यवस्था गरिनेछ ।
- खानेपानी सुद्धिकरणका लागि आईरन तथा आर्सेनिक परिक्षणका लागि सरोकारवाला निकायसंग समन्वय र सहकार्य गरिनेछ ।
- जनसंख्या र विकासको तारताम्य कायम गर्न जनसंख्या व्यवस्थापनलाई समग्र विकासको अभिन्न अंगका रुपमा लिदै सरोकारवाला नियकाका बीचमा सम्पर्क र समन्वय स्थापित गरिनेछ ।
- लैगिंक, यौनिक, भाषिाक, आर्थिक सामजिक एवं क्षेत्रिय रुपमा पछि परेका समुह र शारीरिक मानसिक तथा बौद्धिक रुपमा अपांगता भएका व्यक्तिहरुलाई समावेशीकरण गर्दै जनसंख्या र विकामा मूल प्रवाहीकरण गर्ने नीति कानून तथा संस्थागत विकासमा सुधार गरिनेछ ।
- यस नगरपालिकाका स्वास्थ्य सेवा तथा प्रदान गरिएको सम्पूर्ण क्रियाकलापहरुको अनुगमन, मुल्यांकन तथा समिक्षा गरिनेछ ।
- सरुवा रोगहरु नियन्त्रणका लागि समय समयमा विषदी एवं किटनासक छर्किने छ ।

सामाजिक समावेशी तथा जनसंख्या तर्फ :

सामाजिक नीति :

- मधेश आन्दोलन, जनआन्दोलन, जनयुद्धको शहिद परिवार र भिन्न क्षमता (पूर्ण अपांग) हरुलाई यस नगरपालिकाबाट (कर बाहेक) सवै सेवाहरु नि:शुल्क प्रदान गरिने नीतिलाई निरन्तरता दिइनेछ ।
- जेयष्ठ नागरिक संघसँग आवश्यक सहकार्य गरिने छ । जेयष्ठ नागरिकको सीप तथा अनुभवमा आधारित खोज अनुसन्धानका लागि अनुसन्धानकर्ताहरू चलाई आवश्यक सहयोग गरिने छ ।
- राजविराज नगर क्षेत्रभित्र सञ्चालन हुने सबै प्रकृतिका कार्यक्रमहरुमा लैंगिक समानता तथा सामाजिक समावेशीकरणको नीति अवलम्बन गरिने नीतिलाई प्राथमिकता दिइएको छ ।
- घरेलु हिंसापीडितलाई सहयोग गर्न घरेलु हिंसा पीडित सहायता कोष स्थापना गरिनेछ ।
- नगरपालिका क्षेत्रभित्र हिंसालाई न्यूनीकरण गर्नका लागि अव्यवस्थित तथा खुल्ला रुपमा मद्यपान, धुम्रपानलगायतका बस्तुहरु बेचविखन तथा सेवनलाई न्यूनीकरण गर्दै लगिनेछ ।
- हाल समाजमा विद्यमान छुवाछुत तथा भेदभावलाई निरुतसाहन गर्न कार्यक्रमहरु संचालन गरिने छ ।

.महिला

- महिलाहरुको आर्थिक तथा सामाजिक साथै विकासका हरेक क्रियाकलापहरुमा महिला वर्गको समन्यायिक सहभागिता र पहुँच सुनिश्चित गर्ने नीति अवलम्बन गरिनेछ । साथै लैङिक विकासका लागी समतामुलक व्यवहार, लैङ्गिक वजेट र शशक्तिकरण गर्ने नीति लिईनेछ ।
- सवै प्रकारका हिंसामा परेका महिला त्यसमा पनि विपन्न एवं पछाडि पारिएका महिलाहरु, अपाङ्ग महिलाहरुलाई सामाजिक न्याय दिलाउन समुदायलाई नै शशक्तिकरण गर्ने नीति अवलम्बन गरिनेछ ।

वालवालिका सम्बन्धी :

- बाल अधिकार महासन्धी को मर्म अनुरुप बालबालिकाको चौतर्फी विकासका साथै राजविराज नगरपालिकालाई वालमैत्री अभियानका रुपमा अघि वढाईने छ ।
- ***बालश्रम विरुद्ध अभियानका रुपमा सरोकारवालाहरु संग सहकार्य गरि बाल श्रम न्यूनीकरण गर्ने र कुनै पनि व्यवसायले घोषण*** गरि बालश्रम मुक्त व्यवसायको साइनबोर्ड जनाएको खण्डमा तिर्नु वा बुझाउनु पर्ने उद्योग व्यवसाय करको कुल अङ्कको १०% सम्म छुट दिने नीति लिईनेछ ।

- बाल विवाह मुक्त, दाइजो प्रथा मुक्त वडाहरु क्रमशः घोषणा गर्दै, नगरलाई घोषणा गर्न अग्रनी भूमिका निर्वाह गरिनेछ । घोषणा हुने पहिलो वडालाई उच्च सम्मान र पुरस्कृत गरिनेछ ।
- यूनिसेफ नेपालसँगको साझेदारीमा बालमैत्री स्थानीय शासन कार्यविधीका सूचकहरु सम्बन्धी कार्यक्रमलाई प्रभावकारी ढँगले अगाडी वढाईने छ ।

**<u>दलित/आदिवाशी/जनजाती/मधेशी/पिछडा/हरवा चरवा वर्ग सम्वन्धी</u> :**

- दलित/आदिवाशी/जनजाती/मधेशी/हरवा चरवा/ पिछडा वर्गहरुको हक, अधिकार प्रवर्द्धन, भेदभावको अन्त्य एवं विकास निर्माण प्रक्रियामा समावेशीपूर्ण सहभागीता सुनिश्चित गर्न संस्थागत संजाल निर्माण गरिनेछ ।
- दलित/आदिवाशी/जनजाती/मधेशी/हरवा चरवा र पिछडा वर्गहरुको परम्परागत शीप, विकास, भाषा, लिपि तथा संस्कृती संरक्षणमा ध्यान पुराईनेछ ।
- लक्षित वर्ग केन्द्रीत कार्यक्रम संचालन गर्दा गठन हुने नगरस्तरीय समन्वय समितिहरुको समन्वयमा कार्यक्रम छनौट तथा कार्यान्वयन गर्ने परिपाटी वसाईनेछ ।

**अपाङ्गता सम्वन्धी :**

- सवै प्रकारका अपाङ्गता भएका व्यक्तिहरुको आय आर्जन नेतृत्व विकास र सहायक सामग्रीहरु उपलव्ध गराउने सम्वन्धी ठोस कार्यक्रमहरु संचालन गरी उनिहरुको क्षमता विकास र आत्म निर्भरताको प्रवर्द्धन गर्ने नीति लिईनेछ ।
- नगरपालिका र मातहतका कार्यालयलाई अपाङ्गमैत्री वनाउन चालु आ.व. मा अपाङ्गमैत्री कार्यालयको पूर्वाधारहरु  निर्माण गरिनेछ भने नगर क्षेत्र भित्र निर्माण हुने सामुदायिक, सार्वजनिक एवं सरकारी भवनहरु अपाङ्गमैत्री भए पछि मात्र नक्सापास गरिने व्यवस्था मिलाईनेछ ।
- अपाङ्गता भएका व्यक्तिहरको सम्मान पहिचान र विकासमा अधिकार एवं पहुँच वृद्धी गर्न अपाङ्गमैत्री पूर्वाधार सृजना गर्ने निति लिइनेछ ।
- <u>ज्येष्ठ नागरिक</u> :
- ज्येष्ठ नागरिकहरुलाई समाजमा सामाजिक पहिचान र सम्मान वृद्धी गर्न सहयोग एवं सम्मान पुग्ने खालका कार्यक्रमहरु संचालन गरिनेछ ।
- ज्येष्ठ नागरिकको दीर्घ जीवन, उचित सामाजिक सुरक्षाको लागि वृद्धाश्रम निर्माणका लागि, र अत्यन्त जोखिममा रहेका ज्येष्ठ नागरिकलाई राहत एवं पुनःस्थापनामा सहयोग पुग्ने कार्यक्रम संचालन गर्न पहल गरिनेछ ।

- ज्येष्ठ नागरिक वृत्तीलाई समयमा नै उपलव्ध गराइने छ । एवं यसको पारदर्शिताको लागि वृत्ती वितरणको नाम सहित सार्वजनिक गरिनेछ ।

गैर सरकारी संघसंस्था एवं सामाजिक परिचालन सम्वन्धी :

- कुनै प्रकारका गैर सरकारी संस्थाबाट संचालन हुने कार्यक्रहरु अनिवार्य रुपमा नगरपालिकामा सुचीकृत तथा अभिलेख गराई संचालन गर्न अनिवार्य गरिनेछ । यस नगरक्षेत्रमा संचालन हुने कार्यक्रमहरु अनिवार्य रुपले नगरपालिकाको रातो पुस्तकमा कार्यक्रममा समावेश भएको हुनु पर्नेछ ।
- नगरका तुलनात्मक रुपमा पिछडिएका क्षेत्रहरुमा तथा पिछडिएको वर्ग र समुदायमा लक्षित गरी आफ्ना कार्यक्रमहरु संचालन गर्ने गै.स.स.हरुलाई परिचालन एवं प्रोत्साहित गरिनेछ।
- गै.स.स.मार्फत संचालित कार्यक्रमहरु र कार्यक्रमहरुको संयुक्त अनुगमन गर्ने व्यवस्था मिलाई प्रभावकारी अभिवृद्धी गरिनेछ ।
- नगरपालिकाको सहयोग, समन्वय र साझेदारी र स्वीकृती विना संचालन गरिने गै.स.स.का क्रियाकलापहरुलाई निरुत्साहित गर्ने नीति लिईनेछ ।

**युवा तथा खेलकुद :**

- कोभिड १९ को प्रभावित भई घर फर्केका युवाहरुको लागि रोजगार तथा आय आर्जन सम्वन्धी कार्यक्रमहरु अगाडी बढाईनेछ ।
- विदेशबाट सीप सिकेर फर्की स्वदेशमै बसी उत्पादनशील कार्यमा लाग्ने युवाहरूलाई सो कार्यमा थप उत्प्रेरित गर्न आवश्यक सहयोग गरिनेछ ।
- युवाहरूलाई कुलत र दुव्यर्सनबाट बचाउन तथा सधैं उर्जाशील र सक्रिय बनाइ राख्न सुर्तीजन्य पदार्थ नियन्त्रण, कुलत तथा दुर्व्यसन विरोधी अभियान, युवा विकाससँग सम्बन्धित खेलकूद, साहित्य, संगीत, कलाजस्ता विविध क्रियाकलाप सञ्चालनमा सहयोग गरिनेछ ।
- खेलकुद क्षेत्रको विकास एवं प्रवर्द्धन सम्वन्धी कार्यक्रमहरु संचालन गरिनेछ ।
- युवाहरुलाई स्वरोजगारमुलक क्रियाकलापहरु मार्फत समाजिक परिवर्तनका वाहकका रुपमा परिचालन गर्न पहल गरिनेछ ।
- कुनैपनि क्षेत्रमा ख्याती प्राप्त गरेका यस नगरपालिकाका युवाहरुलाई पुरस्कृत गर्ने नीति लिइने छ र साथै अध्ययन, अन्वेषण, अनुसन्धानात्मक कार्य गर्ने व्यक्ति, संस्थाहरुलाई समेत पुरस्कृत गरिनेछ ।
- नगरपालिकाभित्र रहेका राज रंगशाला खेलमैदानलाई बहुक्षेत्रीय खेल मैदान विकास गर्न प्रदेश सरकार र संघीय सरकारसंग सहकार्य गरिनेछ ।

- राष्ट्रीय तथा अन्तरराष्ट्रीयस्तरको खेलकूद प्रतियोगितामा पहिलो, दोस्रो वा तेस्रो स्थान प्राप्त गर्ने नगरका खेलाडीहरूलाई सम्मान गरिनेछ ।
- स्थानीय तह स्तरीय मेयर कप क्रिकेट खेलको प्रतियोगितालाई निरन्तरता दिईनेछ र सप्तरीका स्थानीय तह स्तरीय महिला खेलकुद प्रतियोगिता संचालन गरिने र क्रमशः अन्य खेलकुद प्रतियोगिताहरुलाई प्रोत्साहित गरिनेछ ।

**<u>सहकारी तथा उद्योग सम्बन्धी</u>** :

- निर्माणाधिन शितभण्डार संचालन तथा संर्वद्धनका लागि भूमिव्यवस्थापन, सहकारी तथा गरिवी निवारण मंत्रालय संग सहकार्य एवं पहल गरिनेछ ।
- हाल संचालित सहकारी संस्थाहरु लाई कृयाशिल गराउने क्रियाकलापहरु संचालन गरिनेछ।
- मल खाद्य सरल सहज तरिका अपनाई सहकारी मार्फत बिक्री वितरण व्यवस्था मिलाईनेछ।
- सहकारीको मूल मर्म अनुरुप सहकारी विकास तथा प्रर्वधन गरिनेछ । हाल संचालन भएका सहकारी संस्थाको अनुगमन मुल्यांकन गरिनेछ ।
- कृषि तथा पशुपंक्षी तथा रोजगार बिषयगत शाखाहरुसंग सहकार्य समन्वय गरी सहकारी विकास गरिनेछ ।
- नगरपालिका क्षेत्रभित्र संचालित वा संचालनमा नगरहेका सहकारी संस्थाहरुको अभिलेख व्यवस्थापन तथा सुद्धिढिकरण गरिनेछ ।
- घरेलु तथा साना उद्योगहरुलाई प्रोत्सहन गर्दै गाउँ नगर साझेदारी तथा गरिबी निवारण कार्यक्रमको लगानीमा प्रवर्द्धन गरिने छ । हाल स्वास्थ्य तथा कृषि समग्रीहरु उत्पादनका लागि साना उद्योग सहकारी प्रोत्सान गरिनेछ ।
- रोजगारी सृजना र आर्थिक विकासमा वढी योगदान पुरयाउने उद्योगको विकासमा निजी क्षेत्रलाई प्रोत्साहित गरिनेछ भने त्यस्ता उद्योगहरु संचालन गर्दा वातावरण मैत्री वनाउने पक्षलाई जोड दिईनेछ ।
- सामाजमा सहकारिताको विकास गराई समुदायमा अधारित सहकारी संस्था एवं सहकारी उद्यमको विकासको लागी विशेष गरि महिला तथा युवा वर्गलाई प्रोत्साहन गरिनेछ ।
- नगरभित्र रहेका सहकारीहरुलाई सूचिकृत गराई गरिबी निवारणको क्षेत्रमा लगानी प्रवर्द्धन गर्न आवश्यक प्रोत्साहन र वातावरण सृजना गरिने छ ।
- सहकारीको मर्म र भावना अनुरुप संचालन भए नभएको सो को अनुगमन गरि दण्डित र पुरस्कृत गर्ने अभ्यासको थालनी गरिनेछ ।
- **संचार क्षेत्र (एवं पत्रकारिता विकास) :**

- स्थानीय पत्र पत्रिका तथा आम संचार माध्यमको संरक्षण र सम्वर्द्धनका लागि आवश्यक सहयोग गर्ने नीति अवलम्बन गर्नेछ ।
- राजविराज न.पा.मा हुने गरेका विकास कार्यलाई संचार क्षेत्रसँग आवद्ध गरि विकास पत्रकारिताका माध्यमवाट सुशासन एवं पारदर्शिता कायम गर्ने नीति लिइनेछ । साथै राजविराज नगरपालिकाले गरेका राम्रा कामहरुलाई संचार माध्यममा प्रभावकारी ढंगले प्रकाशन/प्रशारण गर्ने संस्थालाई प्रोत्साहन गरिनेछ ।
- सूचनाको हक सम्वन्धी ऐनले निदृष्ट गरेको सूचनाहरुको पहुँचमा सरलता ल्याईनेछ ।

## कृषि

कोभिड १९ बाट भएका प्रभावहरुलाई मध्यनजर गर्दै कृषि विकास लागि देहाय बमोजिम कृषि नीति लिईएको छ ।

- बाली विकास कार्यक्रम : अन्न बाली दलहन बाली, तेलहन बालीमा उत्पादन बृद्धि गरी कृषकहरुको आय आर्जन गर्नको लागी उक्त बालीहरुमा बिऊ बिजन तथा मलखाध समेतमा ५० प्रतिशत अनुदान र तेलहनबालीको सुर्यमुखी फुलको खेती गर्न किसानहरुलाई बिऊमा पुर्ण अनुदान कार्यक्रम सञ्चालनमा ल्याईनेछ ।
- बागबानी विकास कार्यक्रम : बागबानी विकास कार्यक्रममा तरकारी बिऊको प्याकेज फलफुलको बगैचा स्थापना, नर्सरी स्थापना ५० प्रतिशत अनुदान दिने लक्ष्य राखिने छ । फलफुलको बोट बिरुवा च्याऊको बिऊ र च्याउ खेती गर्न तालिम संचालन कार्यक्रम गरिनेछ । तरकारीको बिऊ बिजनको लागी किसानहरुलाई पुर्ण अनुदान कार्यक्रम सञ्चालनमा ल्याईनेछ ।
- अर्गानिक तरकारी खेतीमा जोड दिई कृषकहरुलाई तरकारी खेतीमा आत्म निर्भर बनाई आय आर्जनमा बृद्धि गरी रोजगार मुलक कार्य गर्ने निती लिईनेछ । र बगर खेती संचालनमा ल्याईनेछ ।
- बाली संरक्षण कार्याक्रम : खेतबारी तथा बोट बिरुवाहरुमा रोग तथा किराहरुको नियन्त्रणका लागी जिवनाषक र किटनाषक बिषदीहरु निशुल्क उपलब्ध गराईने साथै स्प्रेय ७५ प्रतिशत अनुदानमा उपलब्ध गरीने निती लिईनेछ ।
- कृषि प्रसार:किसानहरुको कृषि उत्पादन बढाउन साना सिचाईमा ७५ प्रतिशत अनुदान दिईने लक्ष्य लिईएको छ ।
- जैविक खाध मलमा ५० प्रतिशत अनुदान दिई ओर्गानिक खेतीमा कृषकहरुलाई प्रोत्साहीत गर्ने छ ।
- माटो जांचको लागी बृहत रुपमा कृषकहरुलाई जनचेतना मुलक कार्यक्रम संचालन गरीनेछ ।

- नगर क्षेत्रभित्र र ग्रामिण भेगका जैविक फोहरहरु व्यवस्थापनकालागि जैविकमल (compost) उत्पादनलाई प्रोत्साहन गरिनेछ। यसकालागि सवसिडीको समेत व्यवस्था गरिनेछ।
- हरित खाद्य (Food Green) लाई बढावा दिन घरको निर्माण सम्पन्न प्रमाण पत्र प्रदान गर्दा कम्तिमा पनि दुईवटा फलदिने रुख रोपेको हुनु पर्ने व्यवस्थालाई लागू गरिने छ।
- कृषि सामग्री, उन्नत विउविजन खरिद आदिकालागि व्यवसायिक कृषक एवं कृषक समुहहरुलाई प्रोत्साहन गरिनेछ। राजश्व समेत छुट दिन व्यवस्था मिलाईनेछ ।
- नगर क्षेत्र भित्र (Organic)प्रांगारिक खेतीगर्न कृषकहरुलाई प्रोत्साहन गरिनेछ।
- प्राकृतिकप्रकोप परि खेतीवाली नोक्सान हुनजाँदा कृषकहरुमा पर्न जाने मर्कालाई मध्यनजर गरि निश्चित अधारहरु तोकि राहतउपलब्ध गराउन एक कृषक राहतकोषको स्थापना गरिनेछ।
- कृषिमा व्यवसायीकरण, वजारीकरण र सामाजिक सम्मानको वातावरण सृजनागरिने नीति लिईनेछ।
- कृषकहरुलाई जागरुक गराउन तथा नया प्रविधी जानकारीको लागी कृषक पाठशाला संचालन गरीने छ।
- राजबिराज नगरपालिका अन्तर्गत पूर्णरुप सिचाई व्यवस्था गरिनेछ।

पशुपंक्षी विकास

- पशुपालन बाट दुध , मासु , अण्डा र माछामा उत्पादनमा बृद्धि गर्न रोजगारी अवसर सृजना गर्नकोलागी पशु पंक्षीपालनलाई व्यवसायीकरण र उद्यमतर्फ उन्नमुख हुनका लागि बिशेष जनचेतना मूलक कार्यक्रमहरु संचालनमा ल्याईनेछ । साथै यस पालिकालाई आत्मनिर्भर गराई निर्यात गर्ने निती अवलम्बन गरिनेछ।
- COVID -19 प्रभाव का कारण रोजगार गुमाई स्वदेश फर्केका युवाहरु लाई व्यावसायिक फार्म स्थापना गरी रोजगारी अवसर श्रृजना गर्ने निती लिईनेछ।
- COVID -19 प्रभावलाई न्यूनीकरण गर्दै आत्मनिर्भर र स्वरोजगार बनाउन समुहमा समिती मार्फत बाख्रापालन तथा कुखुरापालनलाई प्रोत्सान गरी गरीबी न्युनिकरणमा टेवा पुर्याइने नीति लिईएको छ।
- एकल महिला तथा सिमांकृत महिलाहरुलाई ,दलित,जनजाती र पिछडा वर्गहरुलाइ पशुपालन व्यावसायमा संग्लन गराई रोजगारीको अवसर प्रदान गरीने निती लिईने छ।
- किसानको लागत मुल्य प्राप्तीको सुनिश्तताका लागि पशु बिमा कार्यक्रमलाई प्रोत्साहित गर्ने निती लिईनेछ।

- पशुजन्य उत्पादन बृद्धिका लागि उन्नत हिउँदे , बर्षे , बहुबर्षे घांसको बिउ कृषक तथा उद्यमीहरुलाई निःशुल्क वितरण गरिनेछ ।
- पशुपालन व्यवसायलाई प्रोत्साहानका लागि  पशुहरुलाई रोग लाग्नबाट बचाउन रोकथामको लागि भ्याक्सिनेशन कार्यक्रम संचालन गरिनेछ ।
- उत्पादन बृद्धिको लागी परम्परागत पशुपालनलाई निरुत्साहित गरी  उन्नत पशु नश्लसुधारको निती लिईने छ ।
- हाल राजविराज नगरक्षेत्रमा समस्याका रुपमा रहेको मासु पसललाई कृषक स्तरमा स्वस्थ्य र सुरक्षित मासु बिक्रि बितरण गर्न आवश्यक कार्यको थालनी गरिनेछ ।
- प्राकृतिक प्रकोप तथा महामारी बाट नोक्सान हुन जाँदा कृषकहरुमा पर्न जाने मर्कालाई मध्यनजर गरि आक्समिक कोषको स्थापना गरिनेछ ।
- पशुपालन वजारीकरण , पशुहाट बजार र वातावरण पर्यावरणिय अनुकुलनमा सुधार गरिने नीति लिईनेछ ।
- पशु उपचार सेवालाई गुणस्तरिय तथा प्रभावकारी बनाउन प्रयोगशाला सेवालाई बिस्तार गरिनेछ ।
- यस नगरपालिका अन्तर्गत ग्रामिण भेगका कृषकहरुको पकेट प्याकेज पहिचान गरी Community को आधारमा पकेट प्याकेज बिस्तार गरी आय आर्जनमा बृद्धि गरिने लक्ष्य लिईनेछ ।
- शहर तथा ग्रामिण भेगमा रेबिज रोग नियन्त्रण कार्यको लागी बन्धयाकरण तथा निशुल्क भ्यासिनेशन गर्ने कार्य गर्ने लक्ष्य लिईनेछ ।
- उतकृष्ट कार्य गर्ने पशुपालक कृषक तथा व्यावसायिक फार्महरु लाई पुरुषकृत गर्ने निती लिईएनेछ ।
- मत्स्य पालनकोलागी उत्पादन बृद्धि गर्न जनचेतना अभिवृद्धि कार्यक्रम संचालन तथा अति आवश्यक औषधीको व्यावस्थापन गरीनेछ ।

## रोजगार तथा आप्रवासन

- CoVID-19 को कारण ठूलो संख्यामा वैदेशिक रोजगारबाट नेपाल फर्किने परिस्थिति श्रृजाना भएको हुदा रोजगारी गुमाएकाहरुको लागि प्रदेश र संघीय सरकारहरुबीच समन्वय गरी रोजगारी तथा स्वरोजगारीक लागि समन्वय र सहकार्य गरि आवश्यक स्रोत व्यवस्थापन गरिने छ । परिवारलाई सूचना, मनोसामाजिक परामर्श, वित्तीय साक्षरता र सीपमा अभिवृद्धि गर्न सहयोग गरिनेछ।
- बेरोजगारहरुको तथ्याङ्क संकलन तथा अद्यावधिक गरि श्रममुलक काममा सूचिकृत बेरोजगारहरुलाई रोजगारी प्रदान गरिने छ । बेरोजगार तथा अन्य उद्यमी साथै

वैदेशिक रोजगारबाट फर्केका अनुभवी तथा सीपयुक्त उद्यमशील युवाहरुलाई उद्यम व्यवसाय गर्न सहयोग, समन्वय तथा सहजिकरण गरिने छ ।

- बैदेशिक रोजगारबाट प्राप्त सीप, क्षमता, आदिको विस्त्रित प्रोफाईल तयार गरी प्रयोगमा ल्याइने छ । बिषयगत कार्यालय तथा शाखाहरुघ) रेल तथा साना उद्योग कार्यालय कृषि, पशु तथा सहकारी क्षेत्र( संग समन्वय गरी रोजगारीका अवसरहरुको खोजी तथा समन्वय गरिने छ ।

**बन**

- नगर बन क्षेत्र अवधारणलाई अगाडी बढाई उक्त वनको संरक्षण, पार्क निर्माण तथा बनक्षेत्रसँग सम्बन्धित आयआर्जनका क्रियाकलापहरू सञ्चालन गर्न सम्बन्धित निकाय र सरोकारवाला संग आवश्यक सहकार्य गरिने छ।
- सार्वजनिक खुल्ला क्षेत्रहरूमा वृक्षारोपण कार्यक्रमलाई अघि बढाईनेछ।
- राष्ट्रीय नीति अनुरुप यस नगरपालिकाले वन दशक बर्ष मनाउन आवश्यक कार्यक्रमहरु गर्न वन कार्यालय संग समन्वय एवं सहकार्य गरिनेछ।

**सूचना प्रविधि** :

- सूचना प्रविधिको विकास र विस्तार गर्दै नगरक्षेत्र भित्र सुरक्षा, सेवा-सुविधा, अध्ययन अनुसन्धान, शिक्षा, स्वास्थ्य लगायत अन्य बिभिन्न क्षेत्र तर्फ यसको अधिक्तम प्रयोग गरि सर्वसाधारण जनताको सरल सहज पहुँच हुने गरि सेवा पुऱ्याईने छ ।
- कार्यपालिकाको कार्यालय र वडा कार्यालयहरुबाट सहज छिटो सेवा उपलब्ध गराउन सूचना प्रविधी प्रयोगमा ल्याइनेछ । व्यक्तिगत घटना दर्ता आ.व. २०७७/७८ बाट अनलाईनमा घटना दर्ता तथा प्रमाणपत्र प्रदान गरिने व्यवस्थाको शुरुवात गरिनेछ ।
- नगरपालिकाको (website) वेवसाईट तथा सामाजिक सञ्जालहरु, स्थानीय एफ.एम., टेलिभिजनहरु मार्फत नगरपालिकाको गतिविधिहरु, प्रकाशनहरु, सूचना तथा जानकारीहरु अझ प्रभावकारी तथा नियमित रुपमा नगरवासीहरुमा पुयाईनेछ।
- ई-विद्यालयको आवधारण अबलम्बन गरि नमुनाको रुपमा नगरका विद्यालयमा यसको शुरुवात गर्न सहयोग तथा समन्वय गर्ने ।
- राजविराज नगरपालिकामा व्यवस्थित सूचना केन्द्र स्थापना गरिनेछ ।
- यस राजविराज नगरपालिकाको आय व्ययलाई मासिक रुपमा सार्वजनिक गरिने छ ।

**वातावरण संरक्षण :**

- नगरक्षेत्रमा प्लाष्टिका झोला, बोलतहरुलाई व्यवस्थित गर्न सरोकारवालाहरूसँग छलफल गरी आवश्यक कार्यको थालनी गरिनेछ ।
- वातावरण स्वच्छ बनाउन सुधारिएक वैकल्पीक उर्जा नवीकरणीय उर्जाको स्रोतलाई पहिचान तथा परिचालन गर्ने नीति लिइएकोछ ।
- यस नगरपालिकाको फोहरमैला व्यवस्थापनका लागि प्रसोधन केन्द्र निर्माण गर्न यसै बर्ष बृस्तृत परियोजना प्रतिवेदन(DPR) तयार गरिनेछ । साथै नगरमा उत्पादन हुने फोहर मैला व्यवस्थापनका लागि फोहरमैला प्रसोधन केन्द्र राजविराज नगरपालिका वा.नं. ११ र १२ मा स्थापनाका लागि प्रदेस सरकार तथा संघीय सरकारसंग समन्वय गरिनेछ । सेनिटरी ल्याण्ड फिल्ड साइट निर्माण गर्न आवश्यक प्रक्रिया आरम्भ गरिनेछ ।
- ठुला पुर्वाधारहरुको निर्माण गर्नु पुर्व अनिवार्य रुपमा वातावरणीय अध्ययन गराउनु पर्ने नीतिगत व्यवस्थालाई लागु गरिनेछ ।
- पार्क, बगैचा लगायत सार्वजनिक स्थानहरुको संरक्षण, मर्मत तथा सौन्दर्य बढाउन आवश्यक कार्यहरु गरिनेछ ।
- फोहरमैला संकलन तथा व्यवस्थापन कार्यलाई वडा कार्यालय मार्फत प्रभावकारी ढंगले संचालन गरिने नीतिलाई निरन्तरता दिईनेछ ।
- नगरपालिका क्षेत्रभित्र रहेका ठुला पोखरी तथा पार्कहरुलाई संरक्षण तथा प्रर्वद्धन गरिने छ।
- नगरको सौन्दर्य तथा सडक अवरोध गरि राखिएका निर्माण सामग्री, बोर्ड, पसल आदि कार्यलाई कडाईका निरुत्साहित गर्न दण्ड जरिवाना गरिनेछ ।
- नगरका मुख्य क्षेत्रहरुमा फोहर मैला व्यवस्थापनका लागि सहकार्य गरि व्यवस्थित गर्दै लगिनेछ ।
- युनिसेफको सहकार्यमा आधाभूत सरसफाई, सुरक्षित खानेपानीमा र विद्यालय सरसफाई जस्ता कार्यक्रमहरु संचालन गरि सरसफाईमा सचेतना बढाईनेछ ।

**विपद व्यवस्थापन**

- विपद् व्यवस्थापनलाई प्रभावकारी बनाउन नगरस्तरीय ऐन, विपद् प्रतिकार्य योजनाको निर्माण गरिनेछ । साथै विपद व्यवस्थापन कोष परिचालन निर्देशिका निर्माण गरि जारी गरिनेछ।
- कोभिड १९ माहामारी नियंत्रण तथा रोकथामका लागि सोबाट जनसमुदायमा पर्न जाने प्रभावलाई सामना गर्न यस पालिकाको स्रोत साधन, जनशक्तीका अधिकत्तम परिचालन गरिनेछ र संघीय सरकार प्रदेश सरकार र दातृ निकायहरु समन्वय गरिने छ ।
- भुकम्प प्रतिरोधी भवन निर्माण गर्न भवन निर्माण आचार संहिता कडाइ साथ लागु गरिनेछ।

- यस नगरपालिकामा प्रकोपका क्षेत्रहरुको संकटासन्नताको नक्शांकन र प्रभाव मूल्यांकन गरी नगरपालिका स्तरको स्थानीय विपद् तथा उत्थानशील योजना तर्जुमा गरिने छ ।
- नगरपालिकाले एकीकृत वाढी व्यवस्थापन निति लिएको छ । सोको लागि अन्य पालिका/निकाय तथा संघ संस्थासंग समन्वय गरि काम गरिने छ ।
- विपद् प्रभावितहरुको तत्काल खोज उद्दार का लागि न्यूनत्तम सामग्री तयारी अवस्थामा राखिनेछ।
- कृषि (बाली तथा पशु) क्षेत्रमा लाग्ने महामारी नियंत्रणका लागि आवश्यक औषधीहरुको व्यवस्था गरिनेछ । साथै विमाका लागि पहल गरी यस क्षेत्रमा हुने हानी नोक्सानीमा कमी ल्याईनेछ।
- नदी किनारमा वृक्षारोपण गरी हरियाली प्रर्बधन गरि भूक्षय तथा नदी नियंत्रणका लागि सरोकारवालाहरु सग समन्वय गरिनेछ।
- विभिन्न नदी तथा खोलाहरुबाट बर्षेनी आउने बाढीबाट हुन सक्ने क्षतिबाट बचन विभिन्न किसिमका सचेतनामुलक कार्यक्रम तथा अल्पीकरणका कायक्रम सञ्चालन गरिनेछ ।खोलाहरुले बर्सेनी जनधनको क्षति गर्दै आएकोले ठोस रुपमा नियन्त्रण तथा ब्यवस्थापनको कार्य प्रभावकारी ढंगले गरिने छ ।
- नगरपालिकाको हरेक वडाको सबै घरधुरीको जोखिम तथा विपन्नता वर्गिकरण गरिने छ ।
- जलवायु परिवर्तनका कारण हुने गरेको वातावरणीय क्षतिलाई कम गर्न एक घर दुइ फलका रुख रोप्ने अभियान सञ्चालन गरिने छ ।
- आगलागीका न्यूनीकरणका लागि सचेतनामुलक कार्यक्रमका साथै घर बाहिर चुल्हो बाल्ने कार्यलाई निरुत्साहित तथा सुधरिएको चुलो प्रयोगमा ल्याउने छ ।
- आगलागि प्रभावितहरुलाई विगत बर्षहरुमा प्रदान गरिदै आएको राहत रकमलाइ आगमी आ.व मा समेत निरन्तरता दिईने छ ।
- संघ/ प्रदेश सरकार सँग सम्वय गरि नयाँ बारुणयन्त्र तथा सो सँग सम्बन्धित सामाग्री माग गरिनेछ।

**<u>जलस्रोत तथा भूमी सम्वन्धी नीति :</u>**

- नगरपालिकाको भू-उपयोग योजना तथा स्रोत नक्सा तयार गरिने छ।
- नगर क्षेत्रमा रहेका पोखरी, जलाशयहरुको संरक्षण र सम्बर्द्धन गर्दै सदुपयोग गरिने छ।

- नगरपालिका भित्र रहेका सार्वजनिक जग्गाहरूको संरक्षण गर्न जग्गा सिमांकनको कार्यलाई तदारुकताका साथ अघि बढाइने छ ।
- सडक मापदण्ड विपरित वनेका अनियमित घर टहरा लगायतका भौतिक संरचना एवं वाउण्ड्री पर्खाल हटाउने कार्यलाई निरन्तरता दिइनेछ ।
- राजविराज नगरपालिका क्षेत्र भित्र रहेको सार्वजनिक पर्ति तथा सरकारी जग्गाहरु, मठ, मन्दिर, नहर, कुलो आदि सम्पदाको संरक्षणलाई प्राथमिकता दिइनेछ ।

**<u>संगठन, प्रशासन तथा सुशासन नीति</u>**

- राजविराज नगरपालिका र मातहतका कार्यालयहरु प्रशासनिक तथा सांगठनिक संरचना र संस्थागत प्रणाललिार्य समयानुकुल भरपर्दो, भौतिक पूर्वाधारहरु क्षमतायुक्त बनाईनेछ ।
- घटना दर्ता (जन्म, मत्यु, विवाह, समवन्ध विच्छेद) लाई सवै वडामा सूचना प्रविधी ( अनलाईन) प्रणालबिाट यसै बर्ष सुरुवत गरिनेछ ।
- राष्ट्यि परिचयपत्र वितरणका लागि नेपाल सरकारको निर्देशन तथा कार्यविधी बमोजिम कार्य गर्न व्यवस्था मिलार्यनेछ ।
- आम नागरिकको पहुच पु¥याउन नगरमा भएका गतिविधी र आर्थिक गतिविधीहरु परदर्शी बनाउन बुलेटिन प्रकासन, रेडियो कार्यक्रम गरिने छ ।
- नगर सूचना केन्द्र स्थापना गरि ई पुस्तकालयको गरिनेछ ।
- नगरपालिकाबाट प्रदान गरिने सेवाहरु, नागरिक वडापत्र डिजिटायड डिस्पले माधयमबाट नगरबासलिाई  सुसूचित गराइनेछ ।
- राजविराज नगरपालिकाको १६ वटै वडा कार्यालयलार्य विदुतिय सुशासनद्धारा सेवा प्रभावकारी र भरपर्दो बनाईदै लगिनेछ ।
- नगर क्षेत्रको शहरी सुशासनमा प्रभावकारीता ल्याउन सडकमा जथाभावी पशु/वस्तु, सडक क्षेत्रमा अवरोध पुग्ने गरी राखिएका पसल, निर्माण सामाग्री नियनत्रणमा लिने कार्यलाई कडाईका साथ लागू गरिनेछ । नियम विपरित कार्य गर्ने व्यक्तिलाई नगरपालिकाबाट प्रदान गर्ने सेवा सुविधामा रोक लगाउने र समवन्धित व्यक्तीले तिर्ने शुल्क, कर आदिमा नै दण्ड जरीवाना जोडी असूल उपर गरिने छ ।
- ट्राफिक व्यवस्थापन कार्यलाई प्रभावकारी वनाउन ट्राफिक प्रहरी कार्यालय तथा यातायात व्यवसायहिरूसँग आवश्यक समन्वय गरिने छ ।
- नगर क्षेत्र भित्र अनाधिकृत कार्यहरुलाई व्यवस्थित गर्नका लागि नगर प्रहरी गठन गरि यसैबर्षदेखि परिचालन गरिने छ ।
- नगरक्षेत्र भित्रका सुरक्षाको कार्यलार्य स्थानिय प्रहरी प्रशासन सहकार्य एवं सहजकिरण नगरपालिकाको श्रोत साधनले भयाएसम्म आवश्यकता हेरी आवश्यक भौतिक तथा अन्य प्राविधिक सहयोग उपलबध गराइने नीति लिएको छ ।

- सबै वडाहरू र सार्वजनिक चोकहरूमा आवशयक मात्रामा सूचना पाटीको व्यवस्था गरिने छ ।
- कर्मचारीको क्षमता अभिबृद्धि तथा उच्च मनोबलका लागि भ्रमण, तालिम र सेवा प्रवाहलाई अझ व्यवस्थित, छिटो छरितो र सेवाग्राहीमैत्री ***स्थानयित तह उतकृष्ठ कर्मचारी*** पुरस्कारको व्यवस्थालार्य निरन्तरता दिइनेछ ।
- राजविराज नगरपालिकालाई सुशासनमैत्री नगरको रूपमा स्थापित गर्नका लागि भ्रष्टाचारमा शुन्य सहनशिलताको नीतिलाई अवलमबन गर्ने नीति लिएको छ । साथै सबै वडामा नागरिक बडापत्र, कर दरबन्दी लगायतका विवरणहरूलाई वडावासी तथा नगरवासीलाई सूसुचित गराउने छ ।
- नगरपालिका कार्यालय मातहतमा रहेका सबै वडा कार्यालयहरू सुशासन युक्त बनाउन ताहााबाट सम्पादन भएका काम कार्वाहीहरूको सन्दर्भमा सार्वजनिक सुनुवाई गर्नेछ । समिक्षा बार्षिक समिक्षा गर्ने परिपाटि बसाईनेछ ।
- नगरपालिकाका सबै वडामा सुझाव पेटिका, नागरिक बडापत्र, सूचना अधिकारी तथा गुनासो सुन्ने अधिकारीको व्यवस्था गरिने छ । र साथै गुनासो तथा सुझाव सम्बोधनका लागि टोल फ्रि नमवर संचालनमा लयायनेछ ।
- नगरपालिकामा रहेका अतयावश्यक एवं महतवपूर्ण अभिलेखहरुलाई संरक्षण एवं सुरक्षाका लागि डिजिटाइज कपी तयार गरिनेछ र बाईडिग गरिनेछ ।

**राजश्व परिचालन सम्बन्धी निति :**

- स्थानीय सरकार सन्चालन ऐन, २०७४ ले आर्थिक मेरुदण्डका आधार राजश्व परिचालनको लागि राजश्व सम्बन्धी सम्भाव्यता अध्ययन गराई करको नयाँ क्षेत्रहरु पहिचान गरिनेछ ।
- नगरपालिकाको कर प्रशासनलाई करदामैत्री बनाउन सो सँग सम्बन्धित क्षेत्रसँग आवश्यक समन्वय गरी करदाता शिक्ष कार्यक्रम सञ्चालन गरिने छ ।
- व्यवसाय कर संकलनका लागि वडा कार्यालयहरुमा व्यवसाय दर्ता गरी व्यवसाय लगत संकलन, व्यवसाय दर्ता अभियान सञ्चालन गरिने छ । व्यवसाय कर संकलन गर्न उद्योग वाणिज्य संघ तथा घरेलु कार्यालय सँग आन्तरीक राजस्व कार्यालय सँग सहकार्य गरिनेछ ।
- स्थानीय सरकार संचालन ऐन, २०७४ को मर्म बमोजिम आगामी आ.व. देखी एकीकृत सम्पति कर लागु गर्न यसै वर्षदेखी एकिकृत सम्पती कर अध्ययन टोली गठन सम्भाव्यता अध्ययन गर्ने निति लिइने छ ।

- नगरपालिका क्षेत्रको राजश्व चुहावटलाई नियन्त्रण गर्नका लागि टोली खटाई व्यापार व्यवसायहरुको अद्यावधिक लगन तयार गरी करको दायरामा ल्याउने निति लिइएको छ ।
- प्रत्येक वडा कार्यालयमा व्यापार व्यवसायको लगत संकलन गर्दा र नविकरणको व्यवस्था मिलाइने छ ।
- राजश्व आउन सक्ने क्षेत्रहरुको सम्भाव्यता अध्ययन गर्ने निति लिइनेछ ।
- कृषि विविधिकरण गरी नयाँ नयाँ क्षेत्रहरुको पहिचान गर्ने गर्ने ।
- बैंक शाखा न.पा. मा खोल्ने पहल गर्ने, अनलाइन भुक्तानी व्यवस्था सुझाव गर्ने ।
- स्थानीय स्तरमा साना उद्योगहरु कृषि औजार, उपकण र स्वास्थ्य औचाल उपकरण, स्थानीय घरेलु उत्पादन मिथिला खाना, बासको सामाग्री पराल जन्य आदी लाई व्यवसाय दता कर छुट दिने निति लिइनेछ ।

उपस्थित सदस्य ज्यूहरु

आज हामी माहामारी बीच आ.व. २०७७।०७८ को नीति तथा कार्यक्रम प्रस्तुत गरेका छौ । पहिलो कुरा त यस कोभिड १९ लाई परास्त गर्नु नै हामी केन्द्रीत हुन पर्दछ । त्यस अलावा पनी हाम्रा अति आवश्यक सवै क्षेत्रलाई समेटने प्रयास गरिनेछ । यसवाट सवै क्षेत्रको सन्तुलित विकासमा टेवा पुग्न जाने विश्वास लिएका छौं । यसै नीतिको वरिपरीमा रही योजना तर्जुमा बृहत एवं गहन छलफल गरि वडाबाट सिफारिस भई आएका योजना तथा कार्यक्रमहरु यस नगरपालिकाको बिषयगत समितिहरुमा छलफल गरि नगर कार्यपालिकामा समेत बृहत छलफल गरि यस नगरसभामा उपप्रमुख तथा बजेट तर्जुमा समितिको संयोजक श्री साधना झा ज्यूबाट पेश हुनेछ ।

**अन्त्यमा,**

प्रस्तुत नीतिहरु तर्जुमा गर्ने प्रक्रियामा प्रत्यक्ष तथा परोक्ष रुपमा सहयोग पुरयाउनु हुने सम्पूर्ण नगरवासी, वडासदस्य, महिला सदस्य, दलित महिला सदस्य, वडाअध्यक्ष ज्यूहरुलाई धन्यवाद दिन चाहन्छु । यस नगरसभामा प्रस्तुत नीतिको अधिनमा रही यस सभामा बृहत छलफल गरि ठोस योजना तथा कार्यक्रम र दिसा निदृष्ट गर्न म सम्पूर्ण नगर सभासदस्य ज्यू हरुलाई अनुरोध गर्दै यो नगरसभा सफलता र प्रभावकारीतासाथ समपन्न होस भन्ने कामना गर्दछु ॥ धन्यवाद

(शम्भु प्रसाद यादव)
नगर सभा अध्यक्ष तथा नगर प्रमुख
राजविराज नगरपालिका